प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड १०) विराटनगर, नेपाल, कार्तिक ११ गते, २०८३ साल (अतिरिक्ताङ्क २९

भाग १

कोशी प्रदेश सरकार

आन्तरिक मामिला तथा कानून मन्त्रालय

विराटनगर, नेपालको सूचना

प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

संवत् २०८३ सालको ऐन नं. ६

कोशी प्रदेशमा सरकारी कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८३

<u>प्रस्तावना</u>: कोशी प्रदेशभित्र बोलिने राष्ट्र भाषाको संरक्षण, प्रवर्द्धन तथा विकास गरी सरकारी कामकाजलाई सरल र सहज बनाउन सरकारी वा सार्वजनिक निकायबाट प्रवाह हुने सेवामा जनताको सहज पहुँच र प्रत्याभूतिलाई अभिवृद्धि गरी बहुजातीय र बहुभाषिक विविधतामा एकता र सामाजिक न्याय कायम गर्न हाल प्रदेशमा बहुसङ्ख्यक वक्ता संख्या रहेको मैथिली भाषा, लिम्बु भाषा, प्रदेशमा एक प्रतिशतभन्दा अधिक वक्ता संख्या रहेको थारू भाषा, तामाङ भाषा, मगर भाषा, वान्तवा भाषा, उर्दु भाषा, राजवंशी भाषा, राई भाषा, नेपाल भाषा, चाम्लिङ भाषा, शेर्पा भाषा र सन्थाली भाषालाई सरकारी कामकाजको भाषाको रूपमा कायम गर्न नेपालको संविधानको धारा ७ को उपधारा (२) मा व्यवस्था भएबमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्न वाञ्छनीय भएकोले,

कोशी प्रदेश सभाले यो ऐन बनाएको छ।

परिच्छेद-१

<u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>: (१) यस ऐनको नाम "कोशी प्रदेशमा सरकारी कामकाजको भाषा ऐन, २०८३" रहेको छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

(२) यो ऐन विक्रम संवत् २०८३ साल कार्तिक २५ गतेबाट प्रारम्भ हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"कार्यालय"** भन्नाले कोशी प्रदेश सरकारका मन्त्रालय, आयोग, निर्देशनालय, कार्यालय, सङ्गठित संस्था वा कोशी प्रदेश सरकार अन्तर्गत रहेका अन्य सबै प्रकारका निकाय सम्झनु पर्छ।

(ख) **"तोकिएको वा तोकिएबमोजिम"** भन्नाले यस ऐनअन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ।

(ग) **"भाषाको मानकीकरण"** भन्नाले बोलचालमा रहेको मातृभाषालाई अर्थगत द्विविधा नहुने गरी सरकारी कामकाजको लागि प्रयोग योग्य भाषामा एकरूपता कायम गर्ने कार्य सम्झनु पर्छ।

(घ) **"मन्त्रालय"** भन्नाले कोशी प्रदेशको भाषासम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

(ङ) **"मातृभाषा"** भन्नाले नेपालमा उत्पत्ति भई वा ऐतिहासिक रूपमा नेपालभित्र स्थानीय भाषासरह प्रयोग हुँदै आएको कुनै व्यक्ति वा समुदायले पुस्तागत निरन्तरताको रूपमा आफ्नो जाति वा वर्गमा बोल्ने भाषा सम्झनु पर्छ।

(च) **"विज्ञ समूह"** भन्नाले दफा ९ बमोजिमको विज्ञ समूह सम्झनु पर्छ।

(छ) **"सरकारी कामकाजको भाषा"** भन्नाले कार्यालयमा देवनागरी लिपिमा लेखिने नेपाली भाषाका अतिरिक्त देवनागरी र मिथिलाक्षर लिपिमा लेखिने मैथिली भाषा, सिरिजङ्गा लिपिमा लेखिने लिम्बु भाषा, देवनागरी लिपिमा लेखिने थारू भाषा, तामयिक लिपिमा लेखिने तामाङ भाषा, अक्खा लिपिमा लेखिने मगर भाषा, किरात लिपिमा लेखिने वान्तवा भाषा, अरबी लिपिमा लेखिने उर्दु भाषा, देवनागरी लिपिमा लेखिने राजवंशी भाषा, किरात लिपिमा लेखिने राईहरूको भाषा, रञ्जना लिपिमा लेखिने नेपाल भाषा, किरात लिपिमा लेखिने चाम्लिङ भाषा, सम्भोटा लिपिमा लेखिने शेर्पा

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

भाषा, ओलचिकी लिपिमा लेखिने सन्थाली भाषा सम्झनु पर्दछ।

(ज) "सूचीकृत अनुवादक" भन्नाले दफा १० बमोजिमको सूचीकृत अनुवादक सम्झनु पर्छ।

परिच्छेद-२

सरकारी कामकाजमा प्रयोग हुने भाषासम्बन्धी व्यवस्था

३. **सरकारी कामकाजको भाषाको प्रयोग, प्रकाशन र कार्यविधि:** (१) कार्यालयले सरकारी कामकाजको सिलसिलामा सरकारी कामकाजको भाषा अनुवाद गर्न वा प्रयोग गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(२) प्रदेश सरकारले प्रदेश सभामा विधेयक पेस गर्दा सरकारी कामकाजका भाषामा समेत अनुवादित प्रति पेस गर्न सक्नेछ।

(३) प्रदेश सरकारले नेपाली भाषाका अतिरिक्त सरकारी कामकाजको भाषामा समेत प्रदेश राजपत्र प्रकाशन गर्ने व्यवस्था मिलाउन सक्नेछ।

(४) कार्यालयले पत्राचार र सार्वजनिक सूचना प्रकाशन गर्दा कागजातको शीर्ष भागमा सरकारी कामकाजको भाषामा नाम र संवत् समेत उल्लेख गर्न सक्नेछ।

(५) कुनै सेवाग्राहीले सरकारी कामकाजको भाषामा निवेदन सहित आवश्यक कागजात पेस गरेमा कार्यालयले

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

कार्यसम्पन्न भएपश्चात सम्बन्धित भाषामै अनुवाद गरी आवश्यक कागजात उपलब्ध गराउन सक्नेछ।

(६) उपदफा (१) देखि (५) सम्मको प्रयोग र प्रकाशन सम्बन्धी व्यवस्थाका अतिरिक्त अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

४. <u>दस्ताबेजको अभिलेखीकरण:</u> सरकारी काम कारबाही र कार्यालयमा रहने सार्वजनिक दस्ताबेज सरकारी कामकाजको भाषामा समेत अनुवाद गरी अभिलेखीकरण वा सार्वजनिकीकरण गर्न सकिनेछ।

५. <u>विभेद र अपमानजन्य व्यवहार गर्न नहुने:</u> (१) कार्यालयमा सरकारी कामकाजको भाषाका अतिरिक्त अन्य मातृभाषा प्रयोग गरेको आधारमा विभेद, बहिष्करण र अपमानजनक व्यवहार गर्न पाइने छैन।

(२) उपदफा (१) बमोजिम कार्य गर्ने व्यक्तिलाई प्रचलित कानूनबमोजिम कारबाही हुनेछ।

परिच्छेद-३

<u>भाषाको संरक्षण, विकास तथा मानकीकरणसम्बन्धी व्यवस्था</u>

६. <u>सरकारी कामकाजको भाषाको संरक्षण गर्नुपर्ने:</u> (१) सरकारी कामकाजको भाषाको प्रयोगलाई व्यावहारिक र प्रभावकारी बनाउन मन्त्रालयले विभिन्न कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(२) प्रदेश सरकारले शिक्षा, साहित्य, भाषा, कला र सञ्चारसम्बन्धी कार्यक्रम, अध्ययन र अनुसन्धानमार्फत

सरकारी कामकाजको भाषाका अतिरिक्त प्रदेशभित्र बोलिने अन्य राष्ट्रभाषाको संरक्षण र प्रवर्द्धन गर्नु पर्नेछ।

७. <u>सरकारी कामकाजको भाषाको विकास गर्ने:</u> (१) प्रदेश सरकारले सरकारी कामकाजको भाषाका अतिरिक्त प्रदेशभित्र एक प्रतिशत भन्दा कम वक्ता रहेका सबै राष्ट्रभाषामा उच्च शिक्षासम्म अध्ययन, अध्यापनको व्यवस्था गर्न र त्यस्ता भाषाहरूको संरक्षण गर्न विशेष व्यवस्थाको आवश्यक प्रबन्ध गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अध्ययन, अध्यापन हुने, विभिन्न तहमा प्रकाशन हुने पुस्तक, अनुसन्धान तथा शोधपत्रलाई सरकारी कामकाजको भाषामा आवश्यकता अनुसार अनुवादका लागि प्रोत्साहन गर्न सकिनेछ।

(३) सरकारी कामकाजको भाषाका अतिरिक्त आफ्नो स्थानीय तहमा बहुसंख्यक जनताले बोल्ने अन्य राष्ट्रभाषाको संरक्षण र विकासका लागि प्रदेश भरीका स्थानीय तहले समेत स्थानीय कानून बमोजिम सम्बन्धित पालिकामा त्यस्तो भाषालाई सरकारी कामकाजको भाषाका रुपमा प्रयोग गर्न सक्नेछन।

(४) उपदफा (३) बमोजिमको कानून बनाउँदा स्थानीय तहले अन्य राष्ट्रभाषाको संरक्षण, प्रवर्द्धन र विकासलाई समेत ध्यानमा राखी बनाउनु पर्नेछ।

८. **बजेट व्यवस्था गर्नेः** सरकारी कामकाजको भाषाको संरक्षण र प्रवर्द्धनका लागि प्रदेश सरकारले आवश्यक कार्यक्रम तथा बजेट व्यवस्था गर्नु पर्नेछ।

परिच्छेद-४

विविध

९. **विज्ञ समूह गठनः** (१) प्रदेश सरकारले सरकारी कामकाजको भाषाका अतिरिक्त अन्य राष्ट्रभाषा समेतको संरक्षण, प्रवर्द्धन र विकासका लागि सामाजिक विकास हेर्ने मन्त्री अध्यक्ष र सम्बन्धित विषयको विषयगत महाशाखा प्रमुख सदस्य सचिव रहने गरी एक तिहाई महिला सहित बढीमा उन्नाइस सदस्यीय विज्ञ समूह गठन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको विज्ञ समूहको बैठक वर्षमा कम्तीमा चार पटक बस्नेछ।

(३) उपदफा (२) बमोजिमको बैठकको कार्यविधि तोकिएबमोजिम हुनेछ।

(४) उपदफा (१) बमोजिमको विज्ञ समूहको कार्य देहायबमोजिम हुनेछः-

(क) सरकारी कामकाजको भाषाको सम्बन्धमा आवश्यक सुझाव र परामर्श दिने,

(ख) सरकारी कामकाजको भाषाको अध्ययन, अनुसन्धान, मानकीकरण, शैक्षिक व्याकरण तथा शब्दकोश र प्राविधिक

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

शब्दावली तयार गर्ने, गराउने र प्रचलनमा ल्याउने कार्यमा सहयोग गर्ने,

(ग) प्रदेशभित्रका लोपोन्मुख तथा अल्पसङ्ख्यक भाषाहरूको स्तरवृद्धि गर्न आवश्यक सुझाबहरू दिने,

(घ) प्रदेशभित्रका लोपोन्मुख तथा अल्पसङ्ख्यक भाषा तथा लिपिहरूको पहिचान, सूचीकरण संरक्षण र विकास गर्न सहयोग गर्ने,

(ङ) सरकारी कामकाजको भाषालाई टेवा दिने खालका स्तरीय तथा मानक ग्रन्थ तथा कृतिहरू तयारी एवं प्रकाशन कार्यमा सहयोग गर्ने,

(च) भाषासम्बन्धी विषयमा आवश्यक सुझाव दिने,

(छ) प्रदेश सरकारले तोकेका अन्य विषयहरू।

(५) विज्ञ समूहको गठन, सेवा सुविधा लगायतका अन्य विषय तोकिएबमोजिम हुनेछ ।

१०. <u>सूचीकृत अनुवादकसम्बन्धी व्यवस्थाः</u> (१) सरकारी कामकाजको भाषामा लेखिएका सरकारी कागजपत्र वा कुनै सरोकारवाला व्यक्तिले दिने निवेदन वा पत्र सूचीकृत अनुवादकले अनुवाद गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

(२) उपदफा (१) बमोजिम अनुवाद गर्न सूचीकृत अनुवादक छनोट गर्ने प्रक्रिया तोकिएबमोजिम हुनेछ।

(३) कुनै पनि सरकारी कागज वा निजी निवेदन वा पत्रको अनुवाद उपदफा (२) बमोजिमको अनुवादकले मात्र अनुवाद गरी प्रमाणित गरेको प्रतिलिपिलाई कार्यालयले मान्यता दिनेछ।

(४) अनुवादक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

११. <u>नागरिक बडापत्र र सूचना पाटी सम्बन्धमाः</u> (१) कार्यालयले सरकारी कामकाजको भाषामा सेवाग्राहीले देख्ने र बुझ्ने गरी कार्यालय परिसरमा नागरिक बडापत्र वा सूचना पाटी राख्न सक्नेछ।

(२) कार्यालयले आफ्नो साइन बोर्डमा सरकारी कामकाजको भाषाको लिपिमा समेत कार्यालयको नाम उल्लेख गर्नु पर्नेछ।

१२. <u>भाषाको पुनरावलोकनः</u> यस ऐन अनुरूप सरकारी कामकाजको भाषाको प्रयोग तथा सेवा प्रवाहको प्रभावकारिताको अध्ययन गर्न अनुगमन समिति गठन गरी समितिको प्रतिवेदनको आधारमा प्रत्येक पाँच वर्षमा सरकारी कामकाजको भाषाको प्रयोग सम्बन्धमा पुनरावलोकन गर्न सकिनेछ ।

१३. <u>नियम बनाउने अधिकारः</u> यस ऐनको कार्यान्वयनका लागि प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

१४. कार्यविधि, निर्देशिका, मापदण्ड बनाउन सक्नेः यो ऐन वा ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही मन्त्रालयले आवश्यक कार्यविधि, निर्देशिका, मापदण्ड बनाउन सक्नेछ।

१५. बाधा अड्काउ फुकाउः (१) यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा प्रदेश सरकारले आदेश जारी गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आदेश प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

प्रमाणीकरण मितिः- २०८३/०७/११

आज्ञाले,
कृष्ण प्रसाद सापकोटा
प्रदेश सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

कोशी प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगरमा मुद्रित।
Website: moial.koshi.gov.np